काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २३१ ❐ बुधवार, २० जेठ, २०८३ ❐ Wednesday, 3 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

काकाकुल झुप्राखोला बस्तीमा खानेपानी आपूर्ति गर्न पाइपलाईन मर्मत

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ जेठ

नेपालको संविधानले स्वच्छ खानेपानी तथा सरसफाइलाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ। संविधानको धारा ३५ (४) अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरिएको छ।

संविधानमा व्यवस्था भएबमोजिम राज्यले मानव जीवनमा प्राणवायु अक्सिजनपछि पिउने पानीको अपरिहार्यता मनन् गरी सबै नागरिकलाई स्वच्छ खानेपानीको पहुँचमा पुऱ्याउनु पर्ने हो। बिडम्बना व्यवहारमा भने राज्यका हरेक क्षेत्रमा पछाडि पारिएका विपन्न वर्गका नागरिकले खोलामा बगेको पानीसमेत शुद्धसँग पिउन पाएका छैनन्।

आधारभूत आवश्यकतामा पर्ने खानेपानीको व्यवस्थापन गर्नु राज्यको पहिलो दायित्व हो। तर राज्य यही दायित्वबाट बिमुख हुँदा सदियौदेखि राज्यको मुल प्रवाहबाट पछाडि पर्दै आएको बादी समुदाय खोलामा बगेर आएको पानीलाई समेत निर्वाधरुपमा उपभोग गर्न नसक्ने अवस्थामा छ। यो हिजो आजको समस्या होइन।

कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११, झुप्रा खोला किनारामा झण्डै एक सय ५० बढी घरपरिवारको बसोवास छ। उनीहरु त्यस क्षेत्रमा २०४६ साल यता बसोवास गर्दै आएका छन्। उनीहरुको दैनिक गर्जो टार्ने मेसो त्यही झुप्रा



खोलाको बालुवा चाल्नु हो। केही दशकअघिसम्म झुप्रा खोलाको पानी खान योग्य थियो। शरीरलाई हानि पुऱ्याउने खालका जिवाणु अर्थात पानी प्रदुषित थिएन।

स्थानीय धनसरा बादीका अनुसार खोलाबाट दिनभर गिट्टी, बालुवा निकाल्ने, तिर्खा लागे झुप्रा खोलाको पानीले प्यास मेटाउने बानी थियो। आफ्ना जीवनका लामा अध्याय झुप्रा खोलाको पानीले कटाएकी धनसरालाई अहिले त्यही पानी छुन पटक-पटक सोच्नु पर्छ। तर उनलाई बाध्यता छ। खान योग्य छैन भन्ने थाहा छ, तर उनको परिवार प्रदुषित भएपनि कपडाले छानेर दैनिक खानेपानीको जोहो गर्न बाध्य छ।

पानीकै कारण धनसराको परिवारलाई सरसफाईजन्य संक्रमण टाइफाइड, झाडापखलाको जोखिम पनि उत्तिकै छ। हरेक वर्ष परिवारका सदस्यहरु टाइफाइडले थलिने गरेको नमिठो सत्य धनसरासँग छ। महिनावारी हुँदा पनि स्वच्छ पानीको अभाव खड्की रहेको छ, धनसारालाई।

उनी भन्छिन्, 'पहिले पहिले खोलामा बग्ने पानी स्वच्छ हुन्थ्यो, पिउन, खाना पकाउन, नुहाई धुवाई गर्न खोलाको पानी प्रयोग गर्ने गरेका थियौं। तर, अहिले बस्तीको माथितिरबाट फोहोर फाल्ने, खोलामा जथाभावी डोजरले खन्ने हुन थालेपछि खानेपानीको जोहो गर्न निकै मुस्किल पर्न थालेको छ।'

अहिले धनसराको परिवारले खोलाको किनारामा खाल्डो बनाएर जम्मा भएको पानी उपभोग गर्दै आएको छ। मानव स्वास्थ्यका दृष्टिकोणले धनसराको परिवारले उपभोग गरिरहेको स्रोतको पानी पिउनलाई उपयक्त छैन।

स्थानीय हरिबहादुर बादी २०५४ सालतिरबाट झुप्रा खोला किनारमा आफ्नो परिवारसँग बस्न थालेका थिए। उनी त्यहाँ बस्न थालेको झण्डै २९ वर्ष भयो। उनले पनि ढुक्क भएर स्वच्छ खानेपानीको उपभोग गर्न पाएका छैनन्। उनी बादी बस्तीका अगुवासमेत हुन्। उनले बस्तीमा स्वच्छ खानेपानीको जोहो गर्न राज्यका तीनै तहका सरकारसँग निकै लडाई लडेका छन्। तर उनको पीडा अहिलेसम्म सम्बोधन भएको छैन। उनका अनुसार बस्तीमा स्वच्छ खानेपानीको व्यवस्थापन नभएको पनि होइन। झण्डै पाँच वर्षअघि एक गैरसरकारी संस्थाको सहयोगमा बस्तीसम्म खानेपानीका धारा निर्माण भएका छन्। तर गुणस्तरी पूर्वाधार नहुँदा खडेरी लाग्ने बित्तिकै पाइप जल्ने, घास, दाउरा जानेले पाइप काटिदिने लगायतका समस्याले बस्तीमा पानीको हाकार हुने

बाँकी पृष्ठ २

कपडा पसलको आडमा सुन, धितो र विदेशी मुद्रा कारोबारको आशंका



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ जेठ

वीरेन्द्रनगरमा कपडा व्यवसाय सञ्चालन गर्दै आएका एक व्यापारी अवैध वित्तीय कारोबारको आरोपमा पक्राउ परेका छन्। प्रहरीले उनको नियन्त्रणबाट झण्डै ३ करोड रुपैयाँ बराबरका सुनका गहना, नेपाली तथा भारतीय मुद्रा बरामद गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार सोमबार वीरेन्द्रनगर-६ तल्लो बजारस्थित शिव इम्पोरियम नामक कपडा पसलसँग सम्बन्धित गोप्य कार्यालय तथा गोदाममा छापा मार्दा ६३ वर्षीय श्यामसुन्दर अग्रवाल पक्राउ परेका हुन्। विशेष सूचनाका आधारमा प्रदेश प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय सुर्खेतको संयुक्त टोलीले सोमबार अपराह्न खानतलासी गरेको थियो।

प्रहरीले उक्त स्थानबाट १८५ थान सुन तथा चाँदीका विभिन्न गहना बरामद गरेको जनाएको छ। बरामद गरिएका गहनाको अनुमानित बजार मूल्य करिब ३ करोड रुपैयाँ रहेको प्रहरी नायव उपरीक्षक कवीन्द्रसिंह बोहोराले जानकारी दिए। यसका साथै २ लाख १९ हजार ५ सय नेपाली रुपैयाँ, ८ लाख ११ हजार ८ सय भारतीय रुपैयाँ तथा नगद गन्न प्रयोग हुने एक मेसिन पनि फेला परेको प्रहरीले जनाएको छ।

प्रारम्भिक अनुसन्धानबाट सुन तथा गरगहना धितो राखी ब्याजमा रकम प्रवाह गर्ने र विदेशी मुद्रा कारोबारसमेत सञ्चालन हुँदै आएको आशंका गरिएको छ। प्रहरीले बरामद सामग्रीको स्रोत तथा कारोबारको प्रकृतिबारे विस्तृत अनुसन्धान अघि बढाएको जनाएको छ। प्रहरीका अनुसार अग्रवाल बाँकेको नेपालगन्ज उपमहानगरपालिका-१० का स्थायी बासिन्दा हुन् भने हाल वीरेन्द्रनगर-६ मा बसोबास गर्दै आएका थिए। उनीमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको र घटनामा अन्य व्यक्तिको समेत संलग्नता भए नभएको विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

स्थानीय स्रोतका अनुसार अग्रवालले लामो समयदेखि सुन धितोमा राखेर ऋण उपलब्ध गराउने तथा भारतीय मुद्रा सटहीसम्बन्धी अनौपचारिक कारोबार सञ्चालन गर्दै आएको आशंका गरिएको छ। विशेषगरी चाडपर्वका बेला भारतबाट आउने नेपालीहरूलाई लक्षित गरी सुरु भएको मुद्रा सटही कारोबार पछि सुन धितोमा ऋण दिने गतिविधिसम्म विस्तार भएको बताइन्छ। प्रहरीले बरामद भएका सुन, नगद तथा अन्य सामग्रीको वैधानिकता र आर्थिक स्रोतबारे अनुसन्धान जारी रहेको जनाएको छ।

कर्णालीमा बजेट निर्माण तीव्र, १७ हजारभन्दा बढी आयोजना सिफारिस

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, १९ जेठ

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माण प्रक्रियालाई तीव्रता दिएको छ। बजेटलाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउने उद्देश्यसहित आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग तथा सम्बन्धित मन्त्रालयहरू आयोजनाको छनोट र प्राथमिकीकरणमा जुटेका छन्।

आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्षको तुलनामा करिब एक प्रतिशतले बजेटको आकार बढाउने गरी



वैशाख अन्तिम सातामै बजेट सिलिङ वितरण गरिसकेको छ। मन्त्रालयका अनुसार आगामी आर्थिक वर्षको बजेट करिब ३३ देखि ३४ अर्ब रुपैयाँको हाराहारीमा रहने अनुमान गरिएको छ। बजेटको आकार सीमित भए पनि प्रदेशभरिबाट ठूलो सङ्ख्यामा आयोजना प्रस्ताव सिफारिस भएका छन्।

प्रदेश सरकारले लागू गरेको 'आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि' अनुसार १० वटै जिल्लाबाट साना-ठूला गरी झण्डै १७ हजार आयोजना आगामी बजेटका लागि सिफारिस भएका हुन्।

प्रदेश योजना आयोगका अनुसार ५० लाख रुपैयाँभन्दा कम लागतका १२ हजार ७४६ आयोजना जिल्लाबाट सिफारिस भएका छन्। यस्ता आयोजनालाई 'रोष्टर आयोजना' का रूपमा वर्गीकरण गरिएको छ। त्यस्तै ५० लाख रुपैयाँभन्दा बढी लागतका ३ हजार ४४५ आयोजना आयोजना बैंक प्रणालीमा प्रविष्ट भई प्रमाणीकरण भइसकेका छन्।

प्रदेश सरकारले ५० लाख रुपैयाँभन्दा माथिका सबै आयोजनालाई अनिवार्य रूपमा आयोजना बैंक प्रणालीमा

बाँकी पृष्ठ २

रविलाई भेटेपछि भाजपा अध्यक्षले के भने ?

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १९ जेठ

भारतिय जनता पार्टी (भाजपा)का अध्यक्ष नीतिन नविनले रास्वपा सभापति रवि लामिछानेलाई भाजपा मुख्यालयमा संवाद गर्न पाउँदा खुसी लागेको बताएका छन्।

भाजपा मुख्यालयमा रवि लामिछानेसँगको भेटवार्तापछि सामाजिक सञ्जालमा तस्बिर राख्दै अध्यक्ष नीतिनले संवाद गर्न पाउँदा खुसी लागेको बताएका छन्।

साथै नविनले भाजपा र रास्वपाबीच पार्टी टु पार्टी सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा सार्थक छलफल भएको उल्लेख गरेका छन्।

उनका अनुसार सदस्यता विस्तार, उम्मेदवार छनोट



प्रक्रिया तथा जमीनी तहका कार्यकर्तासँग भाजपाको गहिरो सम्बन्धका बारेमा रास्वपाले चासो राखेको थियो।

उनले भेटका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्व विकास र जनसेवामा भाजपाको शासन मोडेलका बारेमा समेत छलफल भएको उल्लेख गरेका छन्।

उनले भनेका छन्:

KNOW BJP

पहलअन्तर्गत भाजपा मुख्यालयमा राष्ट्रिय स्वतन्त्र पार्टी (RSP) नेपालका सभापति श्री रवि लामिछानेज्यू तथा उहाँसँग आउनुभएको प्रतिनिधिमण्डललाई स्वागत गर्न पाउँदा र उहाँहरूसँग संवाद गर्न पाउँदा खुशी लागेको छ।

BJP-राष्ट्रिय स्वतन्त्र पार्टी (RSP) बीच पार्टी-टु-पार्टी सम्बन्धलाई अझ सुदृढ बनाउने विषयमा सार्थक छलफल भयो। उहाँहरूलाई भाजपाको शीर्ष तहदेखि बुथ तहसम्मको संगठनात्मक संरचनाबारे जानकारी गराइयो। साथै सदस्यता विस्तार, उम्मेदवार छनोट प्रक्रिया तथा जमीनी तहका कार्यकर्तासँग भाजपाको गहिरो सम्बन्धका बारेमा उठाइएका प्रश्नहरूको उत्तर पनि दिइयो।

माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीज्यूको नेतृत्वमा विकास र जनसेवामा भाजपाको शासन मोडेलको केन्द्रमा कसरी रहेका छन् भन्ने विषयमा पनि विस्तृत छलफल भयो।'

काँक्रेविहार राष्ट्रिय दैनिक दृष्टिकोण

बुधवार, २० जेठ, २०८३
Wednesday, 3 June 2026

सम्पादकीय

अँध्यारोमा कर्णालीमा दीर्घकालीन समाधान खै ?

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर यतिबेला विद्युत संकटसँग जुधिरहेको छ । अनियमित विद्युत् आपूर्ति र लो-भोल्टेजको समस्याले नागरिक हैरानीमा छन् । घरायसी जीवनदेखि उद्योग-व्यवसाय, खानेपानी आपूर्ति, सूचना प्रविधि सेवा र विद्युतीय सवारी सञ्चालनसम्म यस समस्याले प्रत्यक्ष असर पारिरहेको छ । नागरिकले महसुस गरिरहेको सास्ती केही दिनको असुविधा मात्र होइन, प्रदेशको पूर्वाधार व्यवस्थापन र ऊर्जा सुरक्षासँग जोडिएको गम्भीर समस्या पनि हो । विशेषगरी कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइनमा सालको रूख ढलेर टावर क्षतिग्रस्त भएपछि समस्या उत्पन्न भएको हो । तर विद्युत समस्या १३२ केभी प्रसारण लाइन विस्तार हुदाँ पनि सुधिएको छैन । प्राकृतिक विपद् र आकस्मिक दुर्घटना कुनै पनि पूर्वाधारमा आउन सक्छन् । तर एउटा प्रसारण लाइनमा आएको क्षतिले पूरै प्रदेशको जनजीवन यति धेरै प्रभावित हुनु भने समग्र ऊर्जा प्रणालीको कमजोरीको संकेत हो ।

यदि वैकल्पिक संरचना र पर्याप्त ब्याकअप प्रणाली प्रभावकारी हुन्थ्यो भने आज नागरिकले यस्तो हैरानी भोग्नुपर्ने अवस्था आउने थिएन । विद्युत् प्राधिकरणले मर्मत कार्य तीव्र गतिमा भइरहेको र दुई साताभित्र सेवा नियमित हुने जनाएको छ । आयोजनाका अनुसार चिसापानी क्षेत्रमा अझै ८० भन्दा बढी जोखिमपूर्ण रूख रहेका छन् । यदि यस्ता जोखिमबारे सम्बन्धित निकायलाई पहिले नै जानकारी थियो भने समयमै आवश्यक समन्वय किन हुन सकेन ? वन क्षेत्रभित्र रहेका जोखिमयुक्त रूख व्यवस्थापनमा मन्त्रालय, निकुञ्ज प्रशासन र विद्युत् प्राधिकरणबीचको प्रक्रियागत जटिलता अन्ततः जनताले भोग्नुपर्ने समस्यामा परिणत भएको छ । विकास र संरक्षणबीच सन्तुलन आवश्यक छ, तर त्यसका नाममा जोखिमलाई बेवास्ता गर्ने छुट कसैलाई छैन । लो-भोल्टेजको असर बत्ती बल्ने-नबल्ने विषय मात्रै होइन । उद्योगी-व्यवसायी उत्पादन घटाउन बाध्य छन् । वेल्डिङ, फर्निचर, प्रेस तथा अन्य साना उद्योगको काम प्रभावित भएको छ ।

विद्युतीय सवारी प्रवर्द्धनलाई सरकारले प्राथमिकतामा राखेको छ । तर पर्याप्त र गुणस्तरीय विद्युत् आपूर्ति नै नहुने हो भने विद्युतीय यातायातको विस्तार कसरी सम्भव हुन्छ ? सुर्खेत बसपार्कस्थित चार्जिङ स्टेशनमा चालकहरूले रातभर पालो कुर्नुपरेको अवस्था ऊर्जा व्यवस्थापनको विडम्बनापूर्ण चित्र हो । एकातिर वातावरणमैत्री यातायातको प्रचार भइरहेको छ, अर्कोतिर चार्जिङकै अभावमा सवारी सञ्चालन कठिन बनेको छ । यस्तो अवस्था दीर्घकालीन रूपमा कायम रह्यो भने विद्युतीय सवारीप्रतिको विश्वास नै कमजोर बन्न सक्छ । प्रसारण लाइनको सुरक्षा, वैकल्पिक आपूर्ति प्रणालीको विस्तार, जोखिमयुक्त संरचनाको नियमित अनुगमन तथा निकायहरूबीच प्रभावकारी समन्वय अब प्राथमिकतामा पर्नुपर्छ । नागरिकले अहिले धैर्यपूर्वक सेवा नियमित हुने प्रतीक्षा गरिरहेका छन् । तर यो प्रतीक्षा अब दुई साताको मर्मत कार्यका लागि मात्र होइन, भविष्यमा फेरि यस्तै संकट नदोहोरिने सुनिश्चितताको पनि हो ।

नेपालमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादन र आर्थिक असमानता



डा. गंगादत्त नेपाल

नेपालले सङ्घीय शासन प्रणाली अवलम्बन गरेपछि विकासका अवसर, स्रोत-साधन र आर्थिक लाभलाई देशका सबै प्रदेशमा सन्तुलित रूपमा वितरण गर्ने लक्ष्य लिएको छ। सङ्घीयताको मूल मर्म नै स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताका आधारमा विकासलाई अघि बढाउनु तथा क्षेत्रीय असमानता न्यूनीकरण गर्नु हो।

तथापि, सङ्घीय संरचना कार्यान्वयनमा आएको करिब एक दशकपछि पनि आर्थिक उत्पादन, आय, लगानी, पूर्वाधार विकास तथा रोजगारीका अवसरहरू प्रदेशअनुसार समान रूपमा वितरण हुन सकेका छैनन् । केही प्रदेशले आर्थिक गतिविधि, औद्योगिक विकास, सेवा क्षेत्रको विस्तार तथा लगानी आकर्षणमा उल्लेखनीय प्रगति गरेका छन् भने केही प्रदेश अझै पनि न्यून उत्पादन, सीमित लगानी र कमजोर आर्थिक आधारका कारण पछाडि परेका छन् ।

प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (जीडीपी)ले यस्ता क्षेत्रीय आर्थिक असमानताहरूलाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्दछ । प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन कुनै प्रदेशमा उत्पादन भएको कुल वस्तु तथा सेवाको मूल्यलाई त्यहाँको जनसङ्ख्याले भाग गरी प्राप्त गरिने सूचक भएकाले यसले आर्थिक उत्पादकत्व, आयस्तर तथा जीवनस्तरको समग्र अवस्थाको सङ्केत गर्दछ। राष्ट्रिय तथ्याङ्क कार्यालय (२०८३)द्वारा प्रकाशित तथ्याङ्कअनुसार नेपालको औसत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,५१३ अमेरिकी डलर छ, तर प्रदेशगत विवरण हेर्दा बागमती र गण्डकी प्रदेश राष्ट्रिय औसतभन्दा माथि छन् भने मधेस, कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेश राष्ट्रिय औसतभन्दा तल छन् । विशेष गरी बागमती प्रदेश र मधेस प्रदेशबिचको ठुलो अन्तरले आर्थिक विकासका अवसरहरू अझै पनि केही सीमित भौगोलिक क्षेत्रमा केन्द्रित रहेको देखाउँछ। यस अवस्थाले नेपालको आर्थिक विकासमा क्षेत्रीय असन्तुलन अझै विद्यमान रहेको सङ्केत गर्दछ । आर्थिक स्रोत, लगानी, पूर्वाधार तथा मानव पुँजीको असमान वितरणले प्रदेशहरूबिच विकासको गति फरक-फरक बनाएको छ । परिणामस्वरूप, रोजगारीको खोजीमा आन्तरिक बसाइँसराइ बढ्नु, शहरी क्षेत्रहरूमा जनसंख्याको अत्यधिक चाप सिर्जना हुनु तथा कमजोर प्रदेशहरूमा गरिबी र बेरोजगारीको समस्या निरन्तर रहनुजस्ता चुनौती देखा परिरहेका छन् । त्यसैले प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको विश्लेषण केवल आर्थिक तथ्याङ्कको अध्ययनमात्र नभई नेपालको सङ्घीय शासन प्रणालीको प्रभावकारिता, क्षेत्रीय विकासको अवस्था तथा समावेशी आर्थिक रूपान्तरणको सम्भावनालाई बुझ्ने महत्त्वपूर्ण आधार पनि हो ।

यस लेखमा प्रदेशगत प्रति व्यक्ति जीडीपीको अवस्था, त्यसका कारणहरू, क्षेत्रीय असमानताका प्रभावहरू तथा समावेशी र सन्तुलित आर्थिक विकासका लागि आवश्यक नीतिगत उपायहरूको विश्लेषण गरिएको छ ।

प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको अवधारणा

प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन कुनै देश, प्रदेश वा क्षेत्रको आर्थिक उत्पादन क्षमता र नागरिकहरूको औसत आर्थिक अवस्थालाई मापन गर्ने महत्त्वपूर्ण आर्थिक सूचक हो । यसले निश्चित अवधिभित्र (सामान्यतया एक वर्षमा) उत्पादन भएका सम्पूर्ण अन्तिम वस्तु तथा सेवाहरूको कुल मौद्रिक मूल्यलाई त्यस क्षेत्रको कुल जनसंख्याले भाग गरी प्राप्त हुने औसत उत्पादन वा आयको स्तरलाई जनाउँछ।

सरल शब्दमा भन्नुपर्दा, यदि कुनै देश वा प्रदेशले एक वर्षमा उत्पादन गरेको कुल आर्थिक मूल्यलाई त्यहाँ बसोबास गर्ने प्रत्येक व्यक्तिमा समान रूपमा बाँड्ने हो भने एक व्यक्तिको भागमा औसत रूपमा कति मूल्य पर्छ भन्ने कुरा प्रति व्यक्ति जीडीपीले देखाउँछ। जहाँ, जीडीपी बराबर एक वर्षमा उत्पादन भएका सम्पूर्ण वस्तु तथा सेवाको कुल मूल्य कुल जनसंख्यासँग सम्बन्धित छ।

उदाहरणका लागि कुनै प्रदेशको कुल जीडीपी १० अर्ब अमेरिकी डलर छ र जनसंख्या ५० लाख छ भने प्रतिव्यक्ति जीडीपी २,००० अमेरिकी डलर हुन्छ । यसको अर्थ प्रत्येक व्यक्तिले औसत रूपमा २,००० अमेरिकी डलर बराबरको आर्थिक उत्पादनमा योगदान गरेको वा त्यति मूल्यको आर्थिक गतिविधिसँग सम्बन्धित रहेको बुझिन्छ।

कर्णालीमा...

समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। आयोगका उपाध्यक्ष सूर्यनाथ योगीका अनुसार जिल्लाबाट छनोट भई आएका सबै ठूला आयोजना आवश्यक प्रक्रिया पूरा गरेर आयोजना बैंकमा प्रमाणीकरण गरिएका छन् । मन्त्रालयगत विवरणअनुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा सबैभन्दा धेरै ६ हजार २९७ साना आयोजना सिफारिस भएका छन्। ऊर्जा तथा जलस्रोत विकास मन्त्रालयमा ३ हजार ४२३ साना र ९८८ ठूला आयोजना प्रस्तावित भएका छन् ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा १ हजार ६१८ ठूला आयोजना सिफारिस भएका छन् भने सामाजिक विकास मन्त्रालयमा ७४० ठूला आयोजना रहेका छन् ।

जिल्लागत रूपमा हेर्दा ५० लाखभन्दा माथिका आयोजना सबैभन्दा धेरै सुर्खेतबाट सिफारिस भएका छन्। सुर्खेतबाट मात्रै ९०२ आयोजना आयोजना बैंकमा प्रविष्ट भएका छन् ।

त्यसपछि दैलेखमा ५७३, रुकुम पश्चिममा ५०८, सल्यानमा ३४४, मुगुमा २७७, हुम्लामा २३०, डोल्पामा २०७, कालिकोटमा १८३, जुम्लामा ११५ र जाजरकोटमा १०६ आयोजना सिफारिस भएका छन् ।

प्रदेश योजना आयोगका सदस्य अशोकनाथ योगीका अनुसार ५० लाखभन्दा माथिका आयोजनाको प्राथमिकीकरण आयोगले गर्नेछ भने साना आयोजनाको छनोट तथा प्राथमिकता सम्बन्धित मन्त्रालयहरूले निर्धारण गर्नेछन् । प्राथमिकता प्राप्त आयोजनाहरूलाई उपलब्ध बजेट र आवश्यकताका आधारमा कार्यान्वयनमा लैजाने व्यवस्था गरिएको छ ।

सरकारले आयोजना छनोट प्रक्रियालाई व्यवस्थित बनाउन बहुस्तरीय संयन्त्रको व्यवस्था गरेको छ । जिल्लास्तरीय समितिबाट प्रारम्भिक छनोट भई आएका आयोजना विषयगत मन्त्रालय हुँदै प्रदेश योजना आयोगसम्म पुग्ने व्यवस्था गरिएको छ । यस प्रक्रियाले भौगोलिक सन्तुलन, आवश्यकता र पारदर्शितालाई सुनिश्चित गर्ने विश्वास गरिएको छ ।

यसैबीच, आयोजना सिफारिसको अधिकार जिल्लामै केन्द्रित गरिएपछि विगतमा जस्तो मन्त्रालयहरूमा योजना माग्नेको भीडभाड देखिएको छैन । प्रदेश सरकारका प्रवक्ता विनोदकुमार शाहका अनुसार यस व्यवस्थाले पहुँचका आधारमा योजना पार्ने प्रवृत्ति न्यूनीकरण भएको छ ।

विगतमा मन्त्रालय धाएर योजना माग्ने र पहुँचका आधारमा बजेट सुनिश्चित गर्ने अभ्यास अन्त्य गर्न कार्यविधि प्रभावकारी बनेको उनले बताए । सरकारले विकास प्रक्रियालाई थप पारदर्शी, उत्तरदायी र व्यवस्थित बनाउन अपनाएको नयाँ प्रणालीले आयोजना छनोटलाई तथ्यमा आधारित र आवश्यकता केन्द्रित बनाउने अपेक्षा गरिएको छ ।

काकाकुल...

गरेको उनी सुनाउछन् ।

'बस्तीको किनाराबाट झुप्रा खोला बगेको छ, तर बस्तीमा खानेपानी छैन ।' उनी भन्छन्, ' कम्तीमा खानलाई मात्र भएपनि पानी ल्याइदेउ भनेर पुग्नुपर्ने ठाउँसम्म पुगियो, हाम्रा पीडा सुनवाईमै पर्दैनन्' कम लागतमै बस्तीसम्म खानेपानी ल्याउन सकिने अवस्था रहेपनि वीरेन्द्रनगरले चासो नदेखाएको गुनासो हरिबहादुरको छ । बस्तीको आधारभूत आवश्यकता पुरा गर्नतर्फ चासो नदिएको वीरेन्द्रनगर नगरपालिकाकै कारण झुप्रा खोलको किनारामा बसोबास गर्दै आएको विपन्नहरुको ठुलो बस्तीसमेत जोखिममा परको उनले सुनाए । अर्कै स्थानीय अमृता बादीले वीरेन्द्रनगरले नदीजन्य सामग्री उत्खनन् गर्न थालेपछि स्थानीयको रोजगारी खोसिनुका साथै वर्षेनी खोलाले धार परिवर्तन गर्दा बस्ती नै बाढीको चपेटामा पर्ने जोखिम बढेको बताइन् उनका अनुसार वीरेन्द्रनगर नगरपालिकाले राजश्व संकलन गर्ने नाममा वर्षेनी नदीजन्य सामग्री उत्खननका लागि झुप्रा खोला ठेक्का दिने गर्छ वातावरणीय प्रभाव मूल्यांकन गरेर नदीजन्य पदार्थ निकाल्न दिइने दावी गरिएपनि ठेकेदारले डोजर प्रयोग गरेर मापदण्डविपरित गिट्टी, बालुवा निकाल्दा झुप्रा खोलाको स्वरुप मात्र बदलिएको छैन ।

स्थानीयहरुलाई झुप्रा खोलामा बगेर आउने पानीसमेत प्रदुषित बनाइ रहेको छ । यसतर्फ नियामक निकायले कानमा तेल हालेर बसेको स्थानीयको गुनासो छ ।

दाताले गरिदिए खानेपानीको जोहो

केही महिनाअघि बादी वस्ती नजिक लागेको आगोले पाइप लाइनमा क्षति पुगेर खानेपानीको आपूर्ति रोकिएपछि स्थानीयहरु दाता गुहार्न बाध्य बनेका छन् ।

बस्तीसम्म विस्तार भएको खानेपानीको लाइनलाई व्यवस्थित बनाउन वीरेन्द्रनगर नगरपालिकालाई बारम्बार अनुरोध गर्दा सुनुवाई नभएपछि स्थानीयहरुले होसन्ना सेवाकाई नेपाल नामक गैरसरकारी संस्था गुहार्न बाध्य बन्नु परेको बादी अगुवा छविलाल बादी बताउछन् ।

संस्थाले तत्कालका लागि खानेपानीको सहज आपूर्ति गर्न जिर्ण बनेको पाइपलाईन मर्मत गर्ने कार्यका लागि आर्थिक सहयोग गरेको हो । संस्थाका कार्यकारी निर्देशक पुजा बादीका अनुसार आधारभूत आवश्यकता मध्यको खानेपानीको चरम संकट देखिएपछि आगलागीको जोखिम र जिर्ण बनेको लाइनका पाइपहरु परिवर्तन गर्न लागिएको बताइन । पानीकै कारण सरसफाईजन्य रोग र संक्रमणबाट बस्तीका नागरिकलाई सुरक्षित बनाउन खानेपानीको पूर्वाधार निर्माणमा सहयोग गरिएको उनले बताइन । उनका अनुसार बादी समुदायको आर्थिक सशक्तिकरणका क्षेत्रमा समेत विभन्न कार्यक्रमहरु संस्थाद्वारा भइरहेको उनले बताइन ।

बाजुरा-हुम्ला सीमा अध्ययन टोली छलफलमा



काँक्रेविहार संवाददाता
हुम्ला, १९ जेठ

हुम्ला र बाजुरा जिल्लाको सीमा विवादबारे अध्ययन गर्न गठन नभएको जाँचबुझ समितिको टोली सरोकारवालासँग छलफलमा जुटेको छ।

हुम्ला र बाजुरा जिल्लाको लाम्पाटाको सीमा विवादपछि उत्पन्न हिंसात्मक झडपबारे अध्ययन गर्न गृह मन्त्रालयले जाँचबुझ समिति गठन गरेको थियो। प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विमलराज कँडेल नेतृत्वमा चार सदस्यीय टोलीले आइतबार हुम्ला सदरमुकाम सिमकोटमा घटनाका सम्बन्धमा सम्बन्धित व्यक्तिसँग छलफलमा व्यस्त भएको हो।

एसएसपी कँडेलले घटनाको यथार्थ बुझेर प्रतिवेदन तयार पारी मन्त्रालयमा पेस गर्ने बताए।

उनले टोलीले सिमकोट बसाइका क्रममा सीमाक्षेत्रका नागरिक, घटनामा संलग्न व्यक्ति र सीमा जोडिएका क्षेत्रका जनप्रतिनिधि, राजनीतिक दलका नेता र नागरिक अगुवासँग घटनाका बारेमा छलफल गरिरहेको जनाए। नाम्खा गाउँपालिकाका उपाध्यक्ष तक्दिर लामा, खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावल, खार्पुनाथ गाउँपालिका-२ का वडाध्यक्ष चन्द्र रावल, प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मी, राजनीतिक दलका नेताहरू र नागरिक अगुवाको घटनाका बारेमा बुझ्ने काम भएको उनको भनाइ छ।

हुम्लामा छलफल सकिएपछि सो टोली बाजुराको मार्तडीतर्फ लाग्ने छ।

यसअघि सो टोली झडप भएको क्षेत्र लाम्पाटा र च्याचौरमा पुगेको थियो। सो टोलीमा एसएसपी कँडेलसँगै प्रहरी नायब निरीक्षक सुगन्ध श्रेष्ठ र प्रहरी निरीक्षकद्वय अनोज विक र माधव विक छन्। गत जेठ २ देखि ४ गतेसम्म सीमाको विषयलाई लिएर हुम्ला र बाजुराका स्थानीयबिच झडप भएको थियो। चालु आर्थिक वर्षमा सुदूरपश्चिम प्रदेश सरकारले ४० लाख बजेट विनियोजन गरेर उक्त क्षेत्रमा प्रहरी चौकी निर्माण सुरु गरेपछि विवाद सुरु भएको हो।

सोही विवाद समाधान गर्न जेठ ११ गते सरकारले नापी विभागका उपमहानिर्देशक सुशील डङ्गोलको संयोजकत्वमा सीमाक्षेत्र अध्ययन टोली र गृह मन्त्रालयले नेपाल प्रहरीका एसएसपी कँडेलको संयोजकत्वमा घटनाको छानबिनका लागि छुट्टाछुट्टै समिति गठन गरेको थियो।

बेतन कर्णाली आयोजना निर्माणतर्फ उन्मुख, ठेक्का प्रक्रिया अघि बढाउने सरकारको घोषणा



काँक्रेविहार संवाददाता
सुर्खेत, १९ जेठ

बहुप्रतीक्षित बेतन कर्णाली जलविद्युत् आयोजना अब निर्माण चरणमा प्रवेश गर्ने तयारीमा पुगेको छ। संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेटमार्फत आयोजनालाई प्राथमिकतामा राख्दै ठेक्का प्रक्रिया अगाडि बढाउने घोषणा गरेको हो।

शुक्रबार संघीय संसदमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा। स्वर्णिम वाग्लेले ४३९ मेगावाट क्षमताको बेतन कर्णाली जलविद्युत् आयोजनाको निर्माण प्रक्रिया तीव्र बनाइने जानकारी दिए। सुर्खेत र अछाम जिल्लाको सीमाक्षेत्रमा निर्माण हुने यो आयोजना कर्णाली प्रदेशकै महत्वाकांक्षी ऊर्जा परियोजनामध्ये एक मानिन्छ।

बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडका अनुसार आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भइसकेको छ भने विद्युत् खरिद सम्झौता ९पीपीए० अन्तिम चरणमा पुगेको छ। आयोजनाले २०८२ असारमै उत्पादन अनुमतिपत्र प्राप्त गरिसकेको जनाएको छ।

आयोजना प्रमुख कृष्ण आचार्यका अनुसार प्रभावित क्षेत्रको मुआब्जा वितरणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। सुर्खेत र अछामका विभिन्न स्थानमा पर्ने करिब १८ रोपनी जग्गा आयोजनाबाट प्रभावित हुने अनुमान गरिएको छ। रुख कटान तथा अन्य पूर्वतयारीका कामसमेत समानान्तर रूपमा अघि बढिरहेका छन्।

करिब ८८ अर्ब रुपैयाँ लागत अनुमान गरिएको आयोजनामा हालसम्म कर्मचारी सञ्चय कोषको सात अर्ब रुपैयाँ लगानी सुनिश्चित भएको छ। बाँकी लगानी व्यवस्थापनका लागि विभिन्न बैंक, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष तथा अन्य वित्तीय संस्थासँग छलफल भइरहेको कम्पनीले जनाएको छ।

आयोजना अन्तर्गत कर्णाली नदीमा बाँध निर्माण गरी जलाशयमा पानी संकलन गरिनेछ। संकलित पानी सुरुङमार्फत विद्युत्गृहसम्म पुऱ्याएर विद्युत् उत्पादन गरिने योजना छ। आयोजना सम्पन्न भएपछि कर्णाली प्रदेशको ऊर्जा उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

लामो समयदेखि चर्चामा रहेको बेतन कर्णाली आयोजना अब निर्माणको चरणमा प्रवेश गर्ने तयारीमा पुगेसँगै कर्णालीको आर्थिक विकास, रोजगारी सिर्जना तथा ऊर्जा क्षेत्रमा नयाँ सम्भावना खुल्ने विश्वास गरिएको छ।

मानसरोवर यात्रुका कारण सिमकोट व्यस्त



काँक्रेविहार संवाददाता
सिमकोट, १९ जेठ

पर्यटकीय सिजन सुरु भएसँगै हिमाली जिल्ला हुम्लाको सिमकोट विमानस्थल पर्यटकहरूले भरिभराउ हुन थालेको छ।

यस वर्ष मानसरोवर-कैलाश दर्शन गर्ने कार्य सुरु भएसँगै भारतीय धार्मिक पर्यटकहरू हवाई मार्ग हुँदै आउन थालेपछि विमानस्थल निकै व्यस्त हुन थालेको हो।

मानसरोवर-कैलाश दर्शनको सिजन सुरु भएसँगै भारतीय पर्यटकहरूको आगमन उल्लेख्य रूपमा बढेको कारण सिमकोट विमानस्थल बिहानदेखि बेलुकासम्म चहलपहलयुक्त बनेको प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले बताए।

उनका अनुसार बिहान ६:३० बजेदेखि सिमकोटबाट हिल्सा ओसार्ने हेलिकोप्टरहरूले उडान सुरु गर्ने गरेका छन् भने नेपालगन्जबाट सिमकोटका लागि हवाई जहाजहरूले बिहान ७ बजेदेखि पर्यटक ल्याउने कार्य दैनिक रूपमा भइरहेको छ।

हालसम्म एक हजार पाँच सयभन्दा बढी पर्यटक सिमकोट आइपुगेको र उनीहरू हिल्सा हुँदै मानसरोवर-कैलाशतर्फ प्रस्थान गरेको जनाइएको छ।

पाँच वटा जहाजले दैनिक १० देखि १२ वटा उडानमार्फत नेपालगन्जबाट पर्यटक ओसारपसार गर्दै आएका छन् भने छ वटा हेलिकोप्टरले सिमकोटबाट हिल्साका लागि नियमित उडान गर्दै आएका सिमकोट विमानस्थल प्रमुख महेन्द्रबहादुर सिंहले बताए। कहिलेकाहीं सिमकोट विमानस्थलमा हवाई ट्राफिक जामको अवस्था समेत सिर्जना हुने गरेको उनले जानकारी दिए।

मानव अधिकार उल्लंघन र दण्डहीनताविरूद्ध नागरिक समाज थप सक्रिय हुनुपर्नेमा जोड



काँक्रेविहार संवाददाता
सुर्खेत, १९ जेठ

देशमा बढ्दो दण्डहीनता, मानव अधिकार उल्लंघनका घटनाप्रति जिम्मेवार निकायहरूको मौनता तथा लोकतान्त्रिक मूल्य, मान्यतामाथि देखिएका चुनौतीका बीच नागरिक समाज थप सक्रिय हुनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन्। मानव अधिकार तथा शान्ति समाजको ३०औँ स्थापना दिवसका अवसरमा सुर्खेतमा आयोजित नागरिक संवाद कार्यक्रममा वक्ताहरूले मानव अधिकार संरक्षण, सामाजिक न्याय, लोकतन्त्र र शान्तिका पक्षमा नागरिक समाजको भूमिका अझ प्रभावकारी हुनुपर्ने बताएका हुन्। कार्यक्रममा समाजका केन्द्रीय महासचिव प्रकाश शाहीले आदर्श नागरिक समाजको परिकल्पना शान्ति समाजले अवलम्बन गरेको बाटो विषयक अवधारणा पत्र प्रस्तुत गर्दै मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय र वातावरण संरक्षणलाई नागरिक समाजको मूल आधारका रूपमा अघि बढाउनुपर्ने बताए।

उनले मानव अधिकार तथा शान्ति समाजले स्थापना कालदेखि नै मानव अधिकार संरक्षण, दण्डहीनताको अन्त्य, लोकतान्त्रिक मूल्यको प्रवर्द्धन, सामाजिक सद्भाव तथा विश्व शान्तिका पक्षमा निरन्तर अभियान सञ्चालन गर्दै आएको उल्लेख गरे। राज्य तथा गैरराज्य पक्षबाट हुने मानव अधिकार उल्लंघनका घटनाप्रति निरन्तर खबरदारी आवश्यक रहेको बताउँदै उनले द्वन्द्वकालीन न्याय अझै निष्कर्षमा पुग्न नसकेको र दण्डहीनताको संस्कृति कायम रहेको बताए।

शाहीले विगत तीन दशकमा समाजले सञ्चालन गरेका युद्धविरुद्धका अभियान, लोकतान्त्रिक आन्दोलनमा सहभागिता, सामाजिक न्याय, सहिष्णुता, सद्भाव तथा जलवायु न्यायसम्बन्धी कार्यक्रमहरूको चर्चा गर्दै हिंसा, विभेद, छुवाछुत र असमानताविरुद्धको संघर्षलाई अझ सशक्त बनाउनुपर्ने धारणा राखे। उनले जलवायु परिवर्तन, चुरे संरक्षण, नदी तथा हिमाल जोगाउने विषयलाई समेत नागरिक सरोकारको केन्द्रमा राख्नुपर्ने बताए।

कार्यक्रममा बोल्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले देशमा जिम्मेवार व्यक्तिहरू मौन बस्ने प्रवृत्ति बढ्दै गएको भन्दै त्यसलाई तोड्न आवश्यक रहेको बताए। उनले मानव अधिकारका क्षेत्रमा क्रियाशील संघसंस्थाहरूले भइरहेका मानव अधिकार उल्लंघनका घटनाविरुद्ध निरन्तर आवाज उठाउनुपर्नेमा जोड दिए। त्यस्तै, कर्णाली प्रदेश योजना आयोगका सदस्य अशोकनाथ योगीले देशमा दण्डहीनता बढ्दै गएको उल्लेख गर्दै राज्यले परिकल्पना गरेको मार्गअनुसार अघि बढ्नुपर्ने बताए। उनले मानव अधिकार तथा शान्ति समाजले अवलम्बन गरेको अहिंसा, सत्य, सामाजिक न्याय र नागरिक उत्तरदायित्वको मार्ग वर्तमान सन्दर्भमा अझ आवश्यक बनेको धारणा व्यक्त गरे।

कार्यक्रममा सहभागीहरूले लोकतन्त्रलाई संस्थागत गर्न, मानव अधिकारको संरक्षण सुनिश्चित गर्न, दण्डहीनताको अन्त्य गर्न तथा सामाजिक सद्भाव र शान्तिको संस्कृतिलाई बलियो बनाउन नागरिक समाजको भूमिका थप प्रभावकारी हुनुपर्नेमा जोड दिएका थिए। मानव अधिकार तथा शान्ति समाजले आगामी दिनमा पनि मानव अधिकार, शान्ति, लोकतन्त्र, सामाजिक न्याय तथा वातावरणीय संरक्षणका मुद्दामा निरन्तर अभियान सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सीमाबारे प्रधानमन्त्री बालेनलाई भारतको जवाफ-

द्विपक्षीय मामिलामा तेस्रो पक्षको कुनै भूमिका हुँदैन

काँक्रेविहार संवाददाता
काठमाडौं, १९ जेठ

प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल-भारत सीमा समस्याबारे उनकै शब्दमा 'इंल्यान्डसँग पनि कुरा गर्ने' बताएको बारे भारतले प्रतिक्रिया दिएको छ।

प्रधानमन्त्री शाहले आइतबार व्यक्त गरेको अभिव्यक्तिमा मंगलबार जवाफ फर्काउँदै भारतले द्विपक्षीय मामिलामा तेस्रो पक्षको कुनै भूमिका नहुने बताएको हो।

भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले नियमित पत्रकार



सम्मेलनमा यस्तो बताएका हुन्। पत्रकारहरूले नेपालका प्रधानमन्त्रीले सीमाबारे चीन र बेलायतसँग कुरा गरिरहेको बताएको विषयमा भारतको प्रतिक्रिया मागेका थिए।

जवाफमा जैसवालले भने, 'भारत-नेपाल सीमाको सम्बन्धमा नेपालका प्रधानमन्त्री र परराष्ट्र मन्त्रालयको जुन अभिव्यक्ति आएको छ, त्यसलाई हामीले सुनेका छौं। भारत-नेपाल सीमाको लगभग ९८ प्रतिशत निर्धारित भइसकेको छ। केही हिस्सामा समस्या छ, गण्डक नदीको बहावमा परिवर्तन भएको कारण यो स्थिति उत्पन्न भएको छ।'

'यसका अलावा सीमाको निर्धारित हिस्सामा सीमापार कब्जा र नो म्यान्स ल्यान्डमा अतिक्रमणका मामिला पनि छन्। जसको संयुक्त रूपले सीमांकन गरिँदै छ। सीमासम्बन्धी सबै मामिला समाधान गर्न दुईपक्षीय संयन्त्र स्थापित गरेका छौं। सबै पक्षलाई यो स्पष्ट हुन जरुरी छ, भारत र नेपालको बीचमा जेजति द्विपक्षीय मामिला छन्, त्यसमा कुनै पनि तेस्रो पक्षको भूमिका छैन', उनले थपे।

वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं।

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा वैङ्किङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं,
- स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सहकारी बेथिति आयोगको प्रतिवेदन कार्यान्वयनमा : १४ कर्मचारीलाई सोधियो स्पष्टीकरण



काँक्रेविहार संवाददाता
काठमाडौं, १९ जेठ

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहकारी क्षेत्रका बेथिति र अनियमितता छानबिनलाई तीव्र बनाएको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार गठित सहकारीमा भएको बेथिति जाँचबुझ आयोग, २०८२ ले पेस गरेको प्रतिवेदनले दिएका सुझाव तथा सिफारिस कार्यान्वयन गर्न लागिएको मन्त्रालयले जनाएको छ।

मन्त्रिपरिषद्को २०८३ जेठ ११ गतेको निर्णयअनुसार सार्वजनिक गरिएको प्रतिवेदनमा सहकारी दर्ता, कार्यक्षेत्र विस्तार, सेवा केन्द्र तथा शाखा कार्यालय स्वीकृति र एकीकरणलगायतका कार्यमा सहकारी सिद्धान्त, मूल्य-मान्यता तथा प्रचलित कानुन विपरीत भूमिका देखिएका तत्कालीन पदाधिकारी तथा कर्मचारीहरूसँग स्पष्टीकरण मागिएको छ।

प्रतिवेदनमा १४ जना तत्कालीन पदाधिकारी तथा कर्मचारीहरूको नाम नै किटान गरी छानबिन गर्न सिफारिस गरिएको थियो। स्पष्टीकरण सोधिनेमा शाखा अधिकृत देखि सहसचिवसम्मका कर्मचारीहरू रहेका छन्।

मन्त्रालयले सम्बन्धित व्यक्तिहरूलाई पत्राचार गर्दै आफ्नो कार्यकालमा आयोगको प्रतिवेदनमा उल्लेख भए बमोजिमका कार्य गरेको हो वा होइन भन्ने विषयमा आधारसहित सात दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिएको छ। तोकिएको अवधिभित्र जवाफ नआए प्रचलित कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ।

थप अध्ययनका लागि समिति गठन

आयोगको प्रतिवेदन कार्यान्वयन तथा थप अध्ययनका लागि मन्त्रालयले प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ। समितिमा सहकारी नियमन प्राधिकरणका निर्देशक, मन्त्रालयको कानुन महाशाखाका उपसचिव, सहकारी विभागका उपरजिस्ट्रार तथा मन्त्रालयको सहकारी प्रवर्द्धन शाखाका उपसचिव सदस्य सचिव रहने व्यवस्था गरिएको छ।

समितिलाई आयोगको प्रतिवेदनको विस्तृत अध्ययन गरी तत्कालीन तथा दीर्घकालीन सुधारका सुझाव तयार गर्ने, प्राप्त स्पष्टीकरणहरूको विश्लेषण गर्ने, नयाँ सहकारी ऐनको मस्यौदा तयार गर्न सहयोग गर्ने तथा प्रतिवेदनमा औंल्याइएका सहकारी संस्थासम्बन्धी टिप्पणी फाइलहरूको अध्ययन तथा विश्लेषण गर्ने कार्यादेश दिइएको छ।

विभागीय मन्त्री प्रतिभा रावलले प्रतिवेदन कार्यान्वयनलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने बताइन्। उनले भनिन्, 'प्रतिवेदनको सुझाव अनुसार सहकारी क्षेत्रको संरचनागत सुधारको ठोस योजनामा काम सुरु भएको छ।'

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०२/२०

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री गीता खड्का** धनी रहेको, **दर्ता नम्बर** ९९८०/०७९/०८० बाट **वीरेन्द्रनगर-११ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **कर्णाली फुड ट्रक** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)